श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४१ सालको ऐन नं. ११

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

नहर तथा विद्युत् र तत्सम्बन्धी जलस्रोत ऐन, २०२४ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः नहर तथा विद्युत् र तत्सम्बन्धी जलस्रोत ऐन, २०२४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नहर तथा विद्युत् र तत्सम्बन्धी जलस्रोत (पहिलो संशोधन) ऐन, २०४१" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **नहर तथा विद्युत् र तत्सम्बन्धी जलस्रोत ऐन, २०२४ को दफा ३ मा संशोधनः** नहर तथा विद्युत् र तत्सम्बन्धी जलस्रोत ऐन, २०२४ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (१) को,–

(१) खण्ड (घ) झिकिएको छ ।

(२) खण्ड (ङ) मा रहेको "तथा बाँध, नहर योजनामा प्रतिकूल प्रभाव नपर्ने गरी" भन्ने वाक्यांशको सट्टा "सिंचाइ वा अन्य कुनै पनि योजनामा प्रतिकूल प्रभाव नपर्ने गरी भूगर्भीय पानी" भन्ने वाक्यांश राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को उपदफा (१) को पहिलो प्रकरणको सट्टा देहायको प्रकरण राखिएको छः–

"यस ऐनबमोजिम अनुमतिपत्र लिनु नपर्ने गरी तोकेको कामबाहेक अन्य कामको निमित्त कसैले जलस्रोत उपयोग गर्न चाहेमा निजले देहायको विवरण खोली तोकिएको ढाँचामा तोकिएको अधिकारीसमक्ष दरखास्त दिनु पर्नेछः–"

४. मूल ऐनमा दफा ५ क. र ५ख. थपः मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. र ५ख. थपिएका छन्ः–

"५क. अनुमतिपत्र लिनु नपर्नेः (१) दफा ३, ४ र ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले एक सय किलोवाटसम्मको जलविद्युत् शक्ति उत्पादन, वितरण वा प्रसारण गर्न र त्यसको लागि सर्भेक्षण गर्न चाहेमा त्यसको लागि अनुमतिपत्र लिनु पर्नेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी बढीमा पाँच सय किलोवाटसम्मको जलविद्युत् शक्ति उत्पादन, वितरण वा प्रसारण गर्न र त्यसको लागि सर्भेक्षण गर्न अनुमतिपत्र लिनु नपर्ने गरी तोकी दिन सक्नेछ ।

५ख. प्रतिवेदन पेश गर्नु पर्नेः दफा ५क. बमोजिम अनुमतिपत्र लिनु नपर्ने व्यक्तिले जलविद्युत् शक्तिको उत्पादन, वितरण वा प्रसारण गरेको र त्यसको लागि सर्भेक्षण गरेकोमा प्रत्येकको प्रतिवेदन सो गरेको मितिले तीन महीनाभित्र तोकिएको ढाँचामा श्री ५ को सरकारसमक्ष पेश गर्नु पर्नेछ ।"

५. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थपिएका छन्ः–

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ५क. बमोजिम अनुमतिपत्र लिनु नपर्ने व्यक्तिले विद्युत् महसूल वा तत्सम्बन्धी अन्य दस्तूर लगाउन र असूल उपर गर्न श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछैन ।

(४) यस दफाबमोजिम लगाइने पानीपोत वा विद्युत् महसूल ग्राहकले नबुझाएमा त्यस्तो ग्राहकलाई वितरण गरिएको पानी रोक्न वा विद्युत् शक्तिको लाइन काट्न सकिनेछ ।"

६. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को,–

(१) उपदफा (१) को पहिलो प्रकरणको सट्टा देहायको प्रकरण राखिएको छः–

५२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"यस ऐनबमोजिम अनुमतिपत्र लिनुपर्ने व्यक्ति वा दफा ५क. बमोजिम अनुमतिपत्र लिनु नपर्ने व्यक्तिले देहायको कुनै कामको लागि अरू कसैको जग्गा उपलब्ध गराउन चाहेमा श्री ५ को सरकारले प्रचलित कानूनबमोजिम त्यस्तो जग्गा प्राप्त गरी दिन सक्नेछः–"

(२) उपदफा (४) झिकिएको छ ।

७. मूल ऐनमा दफा ९क. थप : मूल ऐनको दफा ९ पछि देहायको दफा ९क. थपिएको छः–

"९क. पानी र विद्युत् शक्तिको वितरण रोक्न सकिने : श्री ५ को सरकार, अनुमतिपत्र पाउने व्यक्ति वा दफा ५ क. बमोजिम अनुमतिपत्र लिनु नपर्ने व्यक्तिले वितरण गरेको पानी वा विद्युत् शक्ति कसैले चोरी गरेमा, दुरूपयोग गरेमा वा अनाधिकार रूपमा प्रयोग गरेमा पानी वा विद्युत् शक्ति वितरण गर्ने निकाय वा व्यक्तिले त्यस्तो पानीको वितरण रोक्न वा विद्युत् शक्तिको लाइन काट्न सक्नेछ र त्यस्तो कसूर गर्ने व्यक्तिलाई दफा १३ को उपदफा (४) बमोजिम सजायसमेत हुन सक्नेछ ।"

८. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ मा रहेको "अनुमतिपत्र पाउने व्यक्तिलाई" भन्ने शब्दहरूपछि "वा दफा ५क. बमोजिम अनुमतिपत्र लिनु नपर्ने व्यक्तिलाई" भन्ने शब्दहरू थपिएको छ ।

९. मूल ऐनमा दफा ११ क थपः मूल ऐनको दफा ११ पछि देहायको दफा ११ क. थपिएको छः–

"११क. वातावरणमा प्रतिकूल असर पार्न नहुने : कुनै व्यक्तिले यस ऐनबमोजिम विद्युत् शक्ति उत्पादन गर्दा वा जलस्रोत उपयोग गर्दा भू-क्षय हुने, बाढी पहिरो जाने, वा वातावरणमा प्रतिकूल असर पर्ने गरी कुनै काम गर्न हुँदैन ।"

१०. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छ ।

"१३. दण्ड सजाय : (१) अनुमतिपत्र पाउने व्यक्तिले यो ऐन वा यस ऐनअन्तर्गत जारी गरिएको नियम, आदेश वा निर्देशनको बर्खिलाप हुने गरी वा अनुमति पत्रमा तोकिएको शर्त विपरीत हुने गरी जलस्रोत उपयोग गरेमा वा विद्युत् शक्ति उत्पादन वा वितरण गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ र अपराधको गाम्भीर्यता हेरी निजले पाएको अनुमतिपत्र निलम्बन वा खारेज पनि गर्न सक्नेछ ।

(२) दफा ५ क. बमोजिम अनुमतिपत्र लिनु नपर्ने व्यक्तिले यो ऐन वा यस ऐनअन्तर्गत जारी गरिएको नियम वा आदेश बर्खिलाप हुने गरी जलविद्युत् शक्ति उत्पादन वा वितरण गरेमा निजलाई तोकिएको अधि-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारीले पाँच हजार रूपैयाँसम्म जरीवाना गर्न वा त्यस्तो काम बन्द गराउन वा दुवै गर्न सक्नेछ ।

(३) कसैले यस ऐनबमोजिम अनुमतिपत्र लिनु पर्नेमा अनुमतिपत्र नलिई जलस्रोत उपयोग गरेमा वा विद्युत् शक्ति उत्पादन वा वितरण गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रूपैयाँसम्म जरीवाना गरी त्यस्तो काम बन्द गराउन पनि सक्नेछ ।

(४) यस ऐनबमोजिम वितरण गरिएको पानी वा विद्युत् शक्ति कसैले चोरी गरेमा वा दुरूपयोग गरेमा वा अनाधिकार रूपमा प्रयोग गरेमा निजलाई तोकिएको अधिकारीको आदेशले बिगो असूल गरी बिगोबमोजिम जरीवाना वा ६ महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(५) कसैले बदनियतसाथ कुनै विद्युत् उत्पादन केन्द्र, रूपान्तर केन्द्र (सबस्टेशन) वा वितरण केन्द्र वा प्रसारण लाइन वा वितरण लाइन वा बाँध वा नहर भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा निजलाई हानी नोक्सानीको बिगो असूल गरी बिगोबमोजिम जरीवाना वा दश वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

११. मूल ऐनमा दफा १३ पछि दफाहरू थप : मूल ऐनको दफा १३ पछि देहायका दफा १३क., १३ ख., १३ग., र १३घ. थपिएका छन्:–

"१३क. सरकारी बाँकी सरह असूल गर्नेः बाँकी पानीपोत, विद्युत् महसूल वा अन्य दस्तूर वा बिगो वा जरीवाना नबुझाएमा तोकिएको अधिकारीले सम्बन्धित ग्राहक वा व्यक्तिबाट त्यस्तो बाँकी रकम सरकारी बाँकी सरह असूल उपर गर्न सक्नेछ ।

१३ख. मनासिब माफिकको कार्यविधि अपनाउने : (१) दफा १३ को उपदफा (१), (२), (३) वा (४) बमोजिम सजाय गर्दा तोकिएको अधिकारीले मनासिब माफिकको कार्यविधि अपनाउनु पर्नेछ ।

१३ग. पुनरावेदन हेर्ने अधिकारीः दफा १३ को उपदफा (१), (२), (३) वा (४) बमोजिम तोकिएको अधिकारीले दिएको सजायको आदेश उपर पैंतीस दिनभित्र अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ ।

१३घ. अधिकार प्रत्यायोजनः यस ऐनअन्तर्गत श्री ५ को सरकारलाई प्राप्त कुनै अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।"

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४१।७।२७।२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।